कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, भोजपुर

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०५)

डिभिजन वन कार्यालय, भोजपुरको आ.व. २०८२/०८३ को स्वीकृत प्रदेश वन विकास तथा जडिबुटी प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्यक्रम सञ्चालनको लागि भोजपुर जिल्ला भित्रका ईच्छुक र योग्य साझेदारहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) औं दिन (मिति २०८३/०२/१९ गते) भित्र कार्यालय समयमा तोकिएको कागजातहरु सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव/निवेदन उपर कुनै कार्वाही नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | संचालन हुने कार्यक्रम/क्रियाकलापको नाम | कार्यक्रम संख्या | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | बाँसमा आधारित उद्यमशिलता अभिवृद्धि | २ (दुई) वटा | १० | ➢ बाँसमा आधारित उद्यम स्थापना/संचालन गर्ने।<br>➢ उद्यम स्थापनाका लागि प्रविधि (मेशिनरी औजार) सहयोग। |

**प्राथमिकताः** बिदेशबाट फर्किएका र स्वदेशमै केही व्यवसाय गर्ने मनसाय बोकेका युवाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१) कार्यालयले तोकेको ढाँचाको प्रस्ताव पत्र/व्यवसायिक योजना सहितको निवेदन ।

२) कार्यक्रम संचालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा र आ.व. २०८२/८३ को तिरो तिरेको रसिद ।

३) व्यक्तिको हकमाः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

४) फर्म/संस्थाको हकमाः दर्ता प्रमाणपत्र/नवीकरण प्रतिलिपि, स्थायी लेखा नम्बर, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।

५) सम्वन्धित स्थानीय तहको सिफारिस ।

६) कम्तीमा १० (दश) प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र ।

७) समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र ।

८) बैदेशिक रोजगारी गरी फर्केको व्यक्तिको हकमा भिजाको प्रतिलिपि ।

**द्रष्टव्यः** यस कार्यक्रम सम्बन्धमा प्रस्ताव-पत्रको ढाँचा लगायत थप जानकारीको लागि डिभिजन वन कार्यालय, भोजपुरको सम्पर्क नं. ०२९-४२०१३४, ९८५२०५२७३४, ९८५२०८३६०६, ९८५२०५२७०१ वा इमेल dfobhojpur134@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ। प्रस्ताव छनौटका आधारहरु प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**पुनश्चः** अनुदानमा उद्यम/उद्योग स्थापना गरी कम्तीमा १० (दश) वर्ष सम्म उक्त उद्यम/उद्योग बिक्री गर्न नपाउने।